# मादी गाउँपालिका
# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३ संख्या ५ भदौ २५ गते, २०७६ साल


## भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# संवत् २०७६ सालको कार्यविधि नं. ५

# लैङ्गिक हिंसा नियन्त्रण समिति गठन तथा कार्य सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना**

मादी गाउँपालिका क्षेत्रभित्र लिङ्गको आधारमा गरिने हिंसालाई नियन्त्रण गरी सु-संस्कृत र सु-सभ्य एवम् समन्यायिक समाज निर्माण गर्ने हेतुले मादी गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

मादी गाउँपालिका, कास्की

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम मादी गाउँपालिकाको लैङ्गिक हिंसा नियन्त्रण समिति गठन तथा कार्य सञ्चालन कार्यविधि, २०७६ रहेको छ ।

ख) प्रारम्भ : यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुने छ ।

२. **उद्देश्य :**

क) लैङ्गिक हिंसा अन्त्य गरी सभ्य समाजको निर्माण गर्ने ।

ख) लैङ्गिक हिंसाबाट पीडितलाई तत्काल उद्धार गरी संरक्षण, मनोसामाजिक सहयोग राहत आदि प्रदान गर्ने ।

ग) लिङ्गका आधारमा गरिने भेदभावबाट उत्पन्न हुने हिंसा अन्त्य गर्ने ।

घ) आपतकालीन महिला बालबालिका उद्धार कोषको स्थापना गरी कार्यान्वयन गर्ने ।

३. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि अनुसार :

क) 'लैङ्गिक हिसा' भन्नाले लिङ्गको आधारमा गरिने भेदभावबाट उत्पन्न हुने अपराधहरू जस्तैः करणी सम्बन्धी कसुर, यौन दुर्व्यवहार, मानव बेचविखन तथा ओसारपसार, घरेलु हिंसा, बहु विवाह, बोक्सी आरोप, बालविवाह, गर्भपतन लगायतका अन्य हिंसा समेतलाई सम्झनु पर्छ ।

ख) 'प्रभावित व्यक्ति' भन्नाले यस विधि प्रयोजनका लागि लैङ्गिक हिंसाबाट पीडित भएका व्यक्ति तथा उनीहरूका परिवारका सदस्य समेतलाई सम्झनु पर्छ ।

ग) 'समिति' भन्नाले यस कार्य सञ्चालन कार्यविधिको प्रयोजनको लागि गाउँपालिका, वडा कार्यालय, स्थानीय प्रहरी, मेलमिलाप समिति लगायत लैङ्गिक हिंसा न्युनीकरणका क्षेत्रमा कार्यरत सङ्घ संस्था, नागरिक समाज पत्रकार, विद्यालय, शिक्षक प्रतिनिधि, बालक्लव, किशोरी सञ्जाल, लैंगिक हिंसा निगरानी समूह, विभिन्न अधिकारकर्मी समूह आदि समेतको संलग्नत रहेको लैङ्गिक हिंसा नियन्त्रण समितिलाई जनाउँछ ।

## परिच्छेद २

## मादी गाँउपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समिति गठन, काम, कर्तव्य र अधिकार

४. **देहायका निकायका पदाधिकारी तथा व्यक्तिहरू सदस्य रहने गरी मादी**



मादी गाउँपालिका, कास्की

**गाँउपालिका स्तरीय लैङ्गिक हिसा नियन्त्रण समिति गठन गरिनेछ :**

क) उपाध्यक्ष : मादी गाउँपालिका — संयोजक (पदेन सदस्य)

ख) प्रमुख प्रशासकीय अधिकृत : — सदस्य (पदेन सदस्य)

ग) शिक्षा शाखा प्रमुख — सदस्य (पदेन सदस्य)

घ) स्वास्थ्य शाखा प्रमुख — सदस्य (पदेन सदस्य)

ङ) इलाका प्रहरी प्रमुख — सदस्य (पदेन सदस्य)

च) नागरिक समाजका प्रतिनिधि एक जना — सदस्य

छ) गाउँपालिकामा क्रियाशील महिला अधिकार/मानव अधिकार/बालअधिकारसम्बन्धी गैर सरकारी सङ्घ संस्थाका प्रतिनिधि मध्येबाट १ जना सदस्य

ज) वडा स्तरीय लैगिंक हिंसा नियन्त्रण सञ्जाल समितिका प्रतिनिधि मध्येबाट १ जना महिला सहित २ जना : सदस्य

झ) पालिका स्तरीय बालक्लवका प्रतिनिधि १ जना : — सदस्य

ञ) मेलमिलाप समिति संयोजक मध्येबाट १ जना : — सदस्य

ट) महिला बालबालिका शाखा प्रमुख : — सदस्य-सचिव (पदेन सदस्य)

उक्त समितिको संरक्षक एवं सल्लाहकारको रूपमा गाँउपालिकाका अध्यक्ष रहनु हुने छ ।

**५. गाउँपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिको काम, कर्तव्य र अधिकार :**

क) लैङ्गिक हिंसाबाट पीडित प्रभावित भएकाहरूलाई तत्काल उद्धार गर्ने, हिंसा भइरेको स्थानमा गई सामूहिक हस्तक्षेप गर्ने, प्रहरीलाई तत्काल सूचना दिने, घटना स्थलको सुरक्षा गर्ने, प्रभावितको अधिकार संरक्षण गर्न कानुनी सल्लाह दिने, मनोसामाजिक सहयोग प्रदान गर्ने, राहत प्रदान गर्ने ।

ख) लैङ्गिक हिंसाका घटनाहरू तत्काल सम्बोधन, लैगिंक हिंसा न्युनीकरण तथा नियन्त्रण स्थानीय श्रोतको पहिचान तथा परिचालन गर्न कार्ययोजना बनाई प्रभावकारी कार्यान्वयन गर्ने । कार्ययोजना अनुरूप स्थानीय आवश्यकता पहिचान र प्राथमिकीकरणको आधारमा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।

ग) महिला तथा बालबालिका सेवा प्रदायक, न्यायिक समिति, मेलमिलापकर्ताहरूको ठेगाना ,फोन नम्बर, सम्पर्क व्यक्ति तथा प्रदान गरिने सेवाहरूको विवरण सहितको सूचना उपलव्ध गराई पीडितलाई सेवा

प्रदान गर्ने समन्वय तथा सहजीकरण गर्ने ।

घ) लैङ्गिक हिंसा न्युनीकरणका लागि पीडितलाई सेवा प्रदान गर्ने एवम् जनचेतनामूलक कार्य गर्ने सम्बन्धित निकाय, गैरसरकारी तथा अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय र सहकार्य गर्ने ।

ङ) आवश्यकता अनुसार सदस्यहरू बिचमा नै कार्य टोलीहरू गठन गरी लैङ्गिक हिंसा न्यूनीकरणका लागि समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन ,पीडितलाई सेवा प्रदान गर्न सम्बन्धित निकायहरूलाई सजग गराई समन्वयकारी भूमिका निर्वाह गर्ने ।

च) वडास्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिहरूले गरको काम कारवाहीको अनुगमन एवम् समीक्षा गर्ने र आवश्यक मार्ग निर्देशन दिने ।

छ) सामान्य प्रकृतिका घरेलु हिंसा, आपसी समझदारी एवम् मिलापत्र भएका घटनाहरूका पीडितहरूको अवस्थाको बारेमा गाउँपालिका तथा पालिकास्तरीय लैङ्गिक हिंसा नियन्त्रण समिति सदस्यहरूद्वारा संयुक्त अनुगमन गर्ने, सो को अभिलेख अद्यावधिक गर्ने व्यवस्था मिलाउने ।

ज) लैङ्गिक हिसाका घटनाहरूको तथ्याङ्क राख्ने सहजीकरण गर्ने ।

झ) गाउँपालिका स्तरीय लैङ्गिक हिसा नियन्त्रण समितिको बैठक कम्तीमा वर्षमा ४ पटक र आवश्यकता अनुसार अन्य समयमा बस्न सकिने ।

ञ) महिलाविरुद्ध हुने हिंसा वा अपराध हुन नदिनको लागि समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन तथा पीडितलाई सेवा प्रदान गर्ने ।

ट) सम्पर्कमा आएका हिंसा प्रभावितहरूलाई तत्काल प्रदान गर्नुपर्ने सहयोगहरू जस्तै : खानपिन तथा बासको व्यवस्था, औषधी उपचार, कानुनी उपचार, यातायात खर्च आदिको व्यवस्था मिलाउने ।

ठ) महिला तथा बालबालिका शाखाले लैङ्गिक हिंसा नियन्त्रण समितिबाट भएका कार्यहरूको अभिलेख अध्यावधिक गर्ने ।

**६. सदस्यमा बहाल रहन नसक्ने अवस्था :**

क) दफा ४ ले तोकिए अनुसार नभएका व्यक्ति

ख) मानसिक सन्तुलन गुमाएका व्यक्ति

ग) भ्रष्टाचार, फौजदारी अभियोग एवम् महिला तथा बालबालिका विरुद्धका अपराध तथा हिसामा सम्बन्धित निकायबाट दोषी ठहर भएको व्यक्ति ,

घ) सदस्यको मृत्यु भएमा ,

ङ) गाउँपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल समितिको दुई तिहाई बहुमतले निर्णय गरेमा,

च) बैठकमा लगातार ३ (तिन) पटक अनुपस्थित भएमा,

छ) प्रतिनिधित्व गर्ने निकाय वा संस्थाबाट प्रतिनिधि परिवर्तित भई आएमा ,

ज) सदस्यताबाट लिखित राजीनामा दिई स्वीकृत भएमा ।

**७. मादी गाउँपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिका पदाधिकारी एवम् सदस्यहरूको पदावधि सम्बन्धमा :-**

पदाधिकारीहरूको पदावधि सामान्यान्यता : दुई वर्षको हुने छ । पदाधिकारीले समितिको उद्देश्य अनुसार सन्तोषजनक काम गरेको खण्डमा पदावधि समाप्त भए पनि एक पटकको लागि पुन : पदाधिकारीमा छनौट गर्न सकिनेछ भने सो थप अवधिको निर्णय सञ्जाल समितिका तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाइ सदस्यको समर्थनमा हुने छ । उक्त अबधिभित्र सन्तोषजनक काम नगरेको खण्डमा पदावधि समाप्त हुनु अगावै जुनसुकै बेला मादी गाउँपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल समितिको तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाईको निर्णयले पदमुक्त गर्न सक्नेछ ।

**८. मादी गाउँपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल समितिका पदाधिकारीहरूको पदीय दायित्व :**

क) संयोजक : संयोजकले लैङ्गिक हिंसा नियन्त्रण समितिको उद्देश्य परिपूर्ति गर्न प्रमुख व्यक्तिको रूपमा बैठकहरूको अध्यक्षता गर्नेछ । गाउँपालिका स्थित सम्बन्धित निकायहरू सँग आवश्यकता अनुसारको समन्वय गर्ने तथा अन्य आवश्यक कामहरू गर्नेछ ।

ख) सदस्य सचिव : संयोजकको निर्देशनअनुसार बैठक बोलाउने, बैठकको एजेन्डा तयार पार्ने, लैङ्गिक हिंसा नियन्त्रण समितिको कार्य प्रगति विवरण तयार पार्ने एवम् प्रत्येक बैठकका निर्णयहरूको लिखित प्रमाणीकरण (माइन्यूटिङ) गर्नेछ । साथै लैङ्गिक हिंसा नियन्त्रण समितिका अन्य सदस्यहरूको सहयोग लिई कार्ययोजना तयार गर्ने र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउने एवम् अभिलेख अद्यावधिक गर्नेछ ।

ग) सदस्यहरू : मादी गाउँपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिको बैठक एवम् क्रियाकलापहरूमा सदस्यहरूको सक्रिय सहभागिता हुनपर्नेछ । लैङ्गिगक हिंसा पीडित प्रभावितहरूको सहयोग, राहत र पुनः स्थापनाको लागि आ-आफ्नो तर्फबाट सक्दो सहयोग उपलब्ध गराउने तथा सहयोगका लागि सहकार्य गर्नेछ । सक्रिय भूमिका निर्वाह गर्नु सदस्यहरूको दायित्व हुने छ ।

९. **गणपूरक संख्या :** मादी गाउँपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल समितिको बैठकको निम्ति तत्काल कायम रहेको कुल सदस्य संख्याको ५१ प्रतिशतलाई गणपूरक संख्या मानिनेछ । प्रथम पटक आवश्यक गणपूरक संख्या पुग्न नसकी बैठक नबसेमा दोस्रो पटकका लागि २६ प्रतिशतलाई गणपूरक संख्या मानिने छ र सो संख्या पनि नपुगे पुन : बैठक नबसेमा संयोजकले १ घण्टाको लागि बैठक स्थगित गर्नेछ र उक्त समयपछि उपस्थित जतिसुकै संख्यालाई पनि गणपूरक संख्या मानिने छ ।

## परिच्छेद ३

## वडा स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिको गठन काम, कर्तव्य र अधिकार

१०. **देहायका निकायका पदाधिकारी तथा व्यक्तिहरू सदस्य रहने गरी वडास्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिको गठन गरिने छ :**

क) सम्बन्धित वडाको वडाअध्यक्ष : संयोजक
ख) सम्बन्धित वडाको महिला सदस्य : सदस्य
ग) सम्बन्धित वडाको दलित महिला सदस्य : सदस्य
घ) सम्वन्धित वडामा रहेका विद्यालयहरूका प्र.अ. हरू मध्ये बाट १ जना : सदस्य
ङ) युवा तथा वालक्लवका प्रतिनिधि १ जना सदस्य
च) वडास्तरीय मेलमिलाप समितिका संयोजक : सदस्य
छ) टोलसुधार संयोजक मध्येबाट १ जना : सदस्य
ज) स्वास्थ्य चौकीका इन्चार्ज : १ जना सदस्य
झ) महिला, बालबालिकाको क्षेत्रमा कार्य गरिरहेका स्थानीय समूह संस्थाका प्रतिनिधि : सदस्य
ञ) सम्बन्धित वडाका वडा सचिव : सदस्य सचिव

वडास्तरीय लैगिक हिसा नियन्त्रण समितिले आवश्यकता अनुसार गाउँपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिका पदाधिकारीहरूलाई आमन्त्रित गर्न सकिने छ ।

११. **वडा स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिको काम, कर्तव्य र अधिकार :**

क) वडा स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिको बैठक महिनामा कम्तीमा एक पटक सञ्चालन गर्ने ।
ख) आफ्नो वडाको लैङ्गिक हिंसा न्यूनीकरणका लागि हिंसाका कारणहरू

पहिचान गर्ने, जनचेतनाका कार्य एवम् पीडितलाई सेवा प्रदान गर्ने सम्बन्धमा प्राथमिकीकरणको आधारमा वार्षिक कार्यक्रम बनाई गाउँपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिमा पठाउने तथा सो को कार्यान्वयनका लागि पैरवी गर्ने एवम् कार्यान्वयन प्रकृयामा संलग्न रही कार्य गर्ने । साथै सम्भाव्य विभिन्न आवश्यक क्रियाकलापहरू सञ्चालन गर्ने ।

ग) महिला, किशोरी तथा बालबालिका विरुद्ध हुने हिंसा न्यूनीकरण गर्न सम्बन्धित स्थानीय महिला अधिकार, मानव अधिकार र बाल अधिकारसम्बन्धी गैरसरकारी संस्था, युवा क्लब, स्थानीय विद्यालय वडास्तरीय मेलमिलाप समिति र विभिन्न स्थानीय निकायहरूसँग समन्वय र सहकार्य गर्ने ।

घ) लैङ्गिक हिंसा हुन नदिनको लागि समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन तथा पीडितलाई सेवा प्रदान गर्न सम्बन्धित निकायहरूलाइ सजग गराई समन्वयकारी भूमिका निर्वाह गर्ने ।

ङ) निष्पक्ष र पूर्वाग्रहरहित ढङ्गले हिंसा प्रभावित महिला तथा किशोरीहरूलाई आवश्यकता अनुसार छिटो छरितो ढङ्गले न्याय दिलाई पीडकलाई दण्ड सजाय दिलाउन सामूहिक पहल गर्ने ।

च) सामान्य प्रकृतिका घरेलु हिंसा, आपसी समझदारी एवम् मिलापत्र भएका घटनाहरूको प्रहरी तथा लैङ्गिक हिंसा सञ्जाल समितिका सदस्यहरूद्धारा संयुक्त अनुगमन गर्ने तथा यस सम्बन्धमा गाउँपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिलाई जानकारी गराउने ।

छ) वडास्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिबाट भएका कार्यहरूको अभिलेख अध्यावधिक गर्ने एवम् लैङ्गिक हिंसाको तथ्याङ्क गाउँपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिलाई उपलब्ध गराउने ।

ज) गाँउपालिकाबाट प्राप्त भएको सेवा प्रदायकहरूको ठेगाना, फोन नम्बर, सम्पर्क व्यक्ति तथा आदान प्रदान गरिने सेवाहरूको विवरणका आधारमा पीडितलाई सेवा प्रदान गर्न समन्वय तथा सहजीकरण गर्ने ।

झ) सम्पर्कमा आएका हिंसा प्रभावितहरूलाई तत्काल प्रदान गर्नुपर्ने सहयोगहरू जस्तै : खानपिन तथा बासको व्यवस्था, औषधि उपचार, कानुनी उपचार, यातायात खर्च आदिको व्यवस्था गाउँपालिकासँग समन्वय गरी गर्ने ।

**१२. सदस्यमा बहाल रहन नसक्ने अवस्था :**

क) परिच्छेद ३ को दफा नं १० ले तोके बमोजिमका नभएका व्यक्ति,

ख) मानसिक सन्तुलन गुमाएका व्यक्ति

ग) भ्रष्टाचार, फौजदारी अभियोग एवम् महिला तथा बालबालिका विरुद्धका

अपराध तथा हिंसामा सम्बन्धित निकायबाट दोषी ठहर भएको व्यक्ति ,

घ) सदस्यको मृत्यु भएमा ,

ङ) वडा स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिको दुई तिहाई बहुमतले निर्णय गरेमा,

च) बैठकमा लगातार ३ (तिन) पटक अनुपस्थित भएमा,

छ) प्रतिनिधित्व गर्ने निकाय वा संस्थाबाट प्रतिनिधि परिवर्तित भई आएमा ,

ज) सदस्यताबाट लिखित राजीनामा दिई स्वीकृत भएमा ।

**१३. वडा स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिका पदाधिकारी एवम् सदस्यहरूको पदावधि सम्बन्धमा पदाधिकारीहरूको पदावधि सामान्यान्यता :** दुई वर्षको हुने छ । पदाधिकारीले समितिको उद्देश्य अनुसार सन्तोषजनक काम गरेको खण्डमा पदावधि समाप्त भए पनि एक पटकको लागि पुनः पदाधिकारीहरूमा छनौट गर्न सकिनेछ भने सो थप अवधिको निर्णय समितिका तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाइ सदस्यको समर्थनमा हुने छ । उक्त अवधिभित्र सन्तोषजनक काम नगरेको खण्डमा पदावधि समाप्त हुनु अगावै जुनसुकै वेला वडा स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिको तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाईको निर्णयले पदमुक्त गर्न सक्नेछ ।

**१४. वडा स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिका पदाधिकारी एवम् सदस्यहरूको पदिय दायित्व सम्बन्धमा :**

क) संयोजक : संयोजकले वडास्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिको उद्देश्य परिपूर्ति गर्न प्रमुख व्यक्तिको रूपमा बैठकहरूको अध्यक्षता गर्नेछ । वडा स्थित सम्बन्धित निकायहरू सँग आवश्यकताअनुसारको समन्वय गर्ने तथा अन्य आवश्यक कामहरू गर्नेछ । गाउँपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिका पदाधिकारीहरूसँग आवश्यकता अनुसार सम्पर्क र समन्वय गर्ने ।

ख) सदस्य सचिव : संयोजकको निर्देशन अनुसार बैठक बोलाउने ,बैठकको एजेन्डा तयार पार्ने, लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल समितिको कार्य प्रगति विवरण तयार पार्ने एवम् प्रत्येक बैठकका निर्णयहरूको लिखित प्रमाणीकरण (माइन्यूटिङ) गर्नेछ । साथै लैङ्गिक हिंसा नियन्त्रण समितिका अन्य सदस्यहरूको सहयोग लिई कार्ययोजना तयार गर्ने र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउने एवम् अभिलेख अद्यावधिक गर्नेछ ।

ग) सदस्यहरू : वडा स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिको बैठक एवम् क्रियाकलापहरूमा सदस्यहरूको सक्रिय सहभागिता हुनपर्ने छ । लैङ्गिक

हिंसा पीडित प्रभावितहरूको सहयोग, राहत र पुनः स्थापनाको लागि आ-आफ्नो तर्फबाट सक्दो सहयोग उपलब्ध गराउने तथा सहयोगका लागि सहकार्य गर्नेछ । सक्रिय भूमिका निर्वाह गर्नु सदस्यहरूको दायित्व हुने छ ।

१५. **गणपूरक संख्या :** वडा स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिको बैठकको निम्ति तत्काल कायम रहेको कुल सदस्य संख्याको ५१ प्रतिशतलाई गणपूरक संख्या मानिनेछ । प्रथम पटक आवश्यक गणपूरक संख्या पुग्न नसकी बैठक नबसेमा दोस्रो पटकका लागि २६ प्रतिशतलाई गणपूरक संख्या मानिने छर सो संख्या पनि नपुगी पुन : बैठक नबसेमा संयोजकले १ घण्टाको लागि बैठक स्थगित गर्नेछ र उक्त समयपछि उपस्थित जतिसुकै संख्यालाई पनि गणपूरक संख्या मानिने छ ।

## परिच्छेद ४
## सहयोग तथा समन्वय

१६. **आवश्यकताको पहिचान, समन्वय र पुन :स्थापनामा अपनाउनु पर्ने कार्यविधि :**

क) प्रभावित पक्षको अवस्थाको विश्लेषण गरी आवश्यकतानुसार स्वास्थ्य उपचार, मनोसामाजिक उपचार, कानुनी उपचार तथा परामर्श, अस्थायी बसोबासको सेवा पुर्‍याउनको लागि गाउँपालिका राहत समिति ,उपलब्ध भएसम्म अल्पकालीन सेवा केन्द्र, अस्पतालमा आधारित एकद्धार सङ्कट व्यवस्थापन केन्द्र लगायत सम्बन्धित विभिन्न गैरसरकारी सङ्घ संस्थाहरूसँग समन्वय गरी प्रभावितलाई सहयोग गर्ने ।

ख) सम्भव भएसम्म आवश्यक परेको खण्डमा पुनस्थापना केन्द्रहरूको माध्यमद्धारा हिंसा प्रभावितहरूलाई शिक्षा, सीपमूलक तालिम रोजगारी तथा जीविकोपार्जनको लागि गैर सरकारी संस्थाहरू सँग लैङ्गिक हिसा नियन्त्रण समितिले आवश्यक पहल गर्ने ।

ग) महिला बालबालिका तथा किशोरी विरुद्ध हुने हिंसाहरूको न्यूनीकरणको लागि जनमानसमा सचेतना जगाउन स्थानीय प्रहरी, युवा तथा बालक्लब, नागरिक समाज, सरोकारवाला सघं संस्था, सरकारी तथा गैरसरकारी निकाय, व्यक्ति र विभिन्न सञ्चार माध्यमहरूसँग समन्वय र सहकार्य गरी हिंसा न्यूनीकरणको निमित्त प्रभावकारी चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

घ) यस गाँउपालिका बाट महिला बालबालिका तथा किशोरीविरुद्ध हुने

हिंसाहरूको न्यूनीकरणका योजना तर्जुमा एवम् कार्यान्वयनका लागि सहयोग र सहजीकरण गर्ने ।

## परिच्छेद ५

## कोष तथा खाता सञ्चालनको व्यवस्था

**१७. कोष तथा लेखाको स्थापना :**

क) गाउँपालिका स्तरीय तथा वडा स्तरीय लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल समितिले हिंसा पीडित प्रभावितहरूलाई आवश्यक सहयोग गर्न तथा समुदायस्तरमा निरन्तर जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न गाउँपालिकाले एक छुट्टै विशेष कोष स्थापना गर्न सक्ने छ ।

ख) देहायका स्रोतहरूबाट प्राप्त भएका रकमहरू यस कोषमा आम्दानी बाँधिने छ :

- नेपाल सरकारबाट प्राप्त रकम
- गाउँपालिकाबाट प्राप्त रकम
- गैर सरकारी सघं संस्थाहरूबाट प्राप्त रकम
- अन्तर्राष्ट्रिय सघं संस्थाहरूबाट प्राप्त हुने अनुदान सहयोग
- व्यक्ति तथा दाताहरूबाट प्राप्त एवम अन्य निकायहरूबाट प्राप्त सहयोग रकम

ग) समुदायमा निरन्तर जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न तथा पीडित हरूको सहयोगार्थ मादी गाँउपालिकाको विशेष कोष खातामा सो रकम जम्मा हुने छ ।

घ) सो कोषको रकम खर्च गर्दा गाउँपालिका स्तरीय लैगिक हिंसा नियन्त्रण समितिको बैठकको निर्णयानुसार गरिने छ ।

मादी गाउँपालिका, कास्की

## परिच्छेद ६

## प्रतिवेदन सम्बन्धी व्यवस्था

**१८. प्रतिवेदन :**

क) प्रत्येक महिनामा वडा स्तरीय लैगिक हिंसा नियन्त्रण समितिहरूले गरेका कार्यहरूको मासिक प्रतिवेदन (अनुसूची १ मा उल्लेख गरे अनुसारको ढाँचामा) मादी गाउँपालिकाको कार्यालय, महिला तथा बालबालिका शाखामा पठाउने तथा प्रतिवेदन पठाउँदा दोश्रो महिनाको पहिलो हप्ताभित्र पठाइसक्नु पर्ने छ ।

ख) प्रतिवेदन पठाउदा वडा स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिले गाँउपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिमा र गाउँपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिले मादी गाउँपालिका महिला तथा बालबालिका शाखाामा पठाउनु पर्ने छ ।

ग) महिला तथा बालबालिका शाखाले वडा स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समिति र गाउँपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण समितिबाट प्राप्त तथ्याङ्क र सूचनालाई कम्पुटराइज रिपोर्टिङ्ग प्रणालीमा नियमित अपटेड गर्नुपर्ने छ ।

## परिच्छेद ७

## विविध

**१९. कार्यान्वयनको दायित्व :**

क) यो कार्यविधि कार्यान्वयन एवम् पालना गर्ने जिम्मेवारी यस गाँउपालिका र गाउँपालिका अन्तर्गतका वडास्तरीय लैङ्गिक हिंसा नियन्त्रण समिति र समितिका प्रत्येक सदस्यको हुने छ ।

ख) यो कार्यविधि कार्यान्वय गर्ने समितिका सदस्यहरू तथा सम्बन्धित सरोकारवालाहरूलाई गाउँपालिकाबाट विभिन्न समयमा अभिमूखीकरण तालिम, गोष्ठी र अन्तरक्रिया कार्यक्रममा समावेश गरिनेछ ।

**२०. अनुगमन तथा मूल्याङ्कन :**

क) यो कार्यविधि अवलम्बन वा कार्यान्वयन सम्बन्धी अनुगमन तथा मूल्याङ्कन मादी गाँउपालिकाको कार्यालय, गाउँपालिका अर्न्तगतका वडा कार्यालयले गर्ने छ ।

ख) यो कार्यविधि कार्यान्वयन भए नभएको सम्वन्धमा प्रत्येक वार्षिक रूपमा गाउँ कार्यपालिकाले यस विधिको पुनरावलोकन, मूल्याङ्कन र समीक्षा गर्ने छ ।

मादी गाउँपालिका, कास्की

**अनुसूची-१**

**मादी गाउँपालिका**

**गाउँपालिका स्तरीय लैगिक हिंसा नियन्त्रण समिति मासिक प्रतिवेदन**

| | | |
|---|---|---|
| १) प्रतिवेदन पेस गरेको महिना: | | |
| २) सम्पन्न गरिएका क्रियाकलापहरू<br>क) जनचेतना मूलक कार्यक्रम | मिति : | |
| | सहभागी संख्या : | |
| ख) सामुदायिक अन्तरक्रिया | मिति : | |
| | सहभागी संख्या : | |
| गं) समितिको बैठक वा छलफल | बैठक संख्या : | |
| | उपस्थित संख्या : | |
| | निर्णय विवरण : | |
| प्रभावित व्यक्ति लाई गरिएको कानुनी सहयोग विवरण | सहयोग विवरण | जना |
| | मनोविर्मश | |
| | स्वास्थ्य उपचार | |
| | कानुनी उपचार | |
| | खानपिन तथा बासको व्यवस्था | |
| | पुर्नस्थापना | |
| | यातायात खर्च | |
| क्रियाकलाप सञ्चालन गर्दा आईपरेको मुख्य मुख्य समस्या | | |
| समस्या समाधान गर्न अपानाइएका कदमहरू : | | |

प्रतिवेदन तयार गर्ने

नामथर :

पद :

मिति :

दस्तखत

मादी गाउँपालिका, कास्की

## अनुसूची-२

## मादी गाउँपालिका

## वडा स्तरीय लैगिक हिंसा नियन्त्रण समिति मासिक प्रतिवेदन

| | | |
|---|---|---|
| १) प्रतिवेदन पेस गरेको महिना: | | |
| २) वडा नं | | |
| ३) सम्पन्न गरिएका क्रियाकलापहरू<br>क) जनचेतना मूलक कार्यक्रम | मिति : | |
| | सहभागी संख्या : | |
| ख) सामुदायिक अन्तरक्रिया | मिति : | |
| | सहभागी संख्या : | |
| गं) समितिको बैठक वा छलफल | बैठक संख्या : | |
| | उपस्थित संख्या : | |
| | निर्णय विवरण : | |
| ४)प्रभावित व्यक्ति लाई गरिएको कानुनी सहयोग विवरण | सहयोग विवरण | जना |
| | मनोविर्मश | |
| | स्वास्थ्य उपचार | |
| | कानुनी उपचार | |
| | खानपिन तथा बासको व्यवस्था | |
| | पुर्नस्थापना | |
| | यातायात खर्च | |
| ५) क्रियाकलाप सञ्चालन गर्दा आईपरेको मुख्य मुख्य समस्या | | |
| ६) समस्या समाधान गर्न अपानाइएका कदमहरू : | | |

प्रतिवेदन तयार गर्ने
नामथर :
पद :
मिति :
दस्त

आज्ञाले,
युवारजा अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

मादी गाउँपालिका, कास्की